श्री ..............................

..............................सोलुखुम्बु

# विधान २०---

श्री ..............................

.............................. सोलुखुम्बु

# विधान २०--

**प्रस्तावना** :

सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन, सामाजिक जागरण तथा पर्यटन विकासका लागि चेतनशील, जागरुक, सिर्जनशील युवा प्रतिभाको पहिचान गर्दै अगाडि बढ्नु आजको महत्वपूर्ण आवाश्यकता हो । सोलुखुम्बु जस्तो भौगोलिक विकटता भएको ठाउँमा अधिकांश जनताहरुमा आधारभूत स्वास्थ्य, शिक्षा, धर्म, संस्कृति, पर्यटन लगायतको पहुँच पुग्न नसकिरहेको अवस्थामा यस श्री ..............................., सोलुखुम्बु स्थापना गरिएको छ । यस क्षेत्रमा रहेका विभिन्न समुदायहरुसँग समन्वय गरी पिछडिएका सम्पूर्ण वर्गहरुको उत्थानको लागि यस संस्थाले कार्य गर्नेछ । नेपाली समाजमा रहेको छुवाछुत जस्तो अमानवीय व्यहारको अन्त्यको निम्ति सदैव यो संस्था लागिपर्नेछ र समाजलाई एउटा सभ्य र सुन्दर बनाइने छ । यस संस्थाले विभिन्न कार्यक्रम गरी सुन्दर र सभ्य समाज निर्माणको लागि अग्र स्थानमा कार्य गर्ने छ । लोप हुँदै गरेको धर्म संस्कृतिको जर्गेना गर्ने, गाँउ वस्तीलाई शान्ति, हरियाली अनि सफा राख्नुका साथै दु:ख परेकालाई सहयोग गर्ने, गैह्र सरकारी संघ संस्थाहरुसँग समन्वय गरी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने, पर्यटकीय सम्भवना रहेको क्षेत्रको पहिचान र प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने, पर्यटनको माध्यमबाट स्थानीय समुदायको आर्थिक स्तर वृद्धिमा टेवा पुर्‍याउने लगायतका उद्देश्यहरुले श्री ..............................., सोलुखुम्बु स्थापना गर्न वाञ्छनीय भएकोले संस्था दर्ता ऐन २०३४ को अधीनमा रही यो विधान तर्जुमा गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस संस्थाको नाम **श्री ..........................** रहने छ । यसलाई अंग्रेजीमा .............................. लेखिनेछ ।

**२. ठेगाना :** यस संस्थाको कार्यालय सोलुखुम्बु जिल्ला .................................. मा रहनेछ ।

(क) ठेगाना परिवर्तन गर्नुपर्ने भएमा समितिले निणर्य गरी परिर्वतन भएको सात दिनभित्र दर्ता भएको कार्यालयमा सूचना दिइनेछ ।

**३. कार्यक्षेत्र :** यस संस्थाको कार्यक्षेत्र ......................... हुनेछ र सम्बन्धित निकायको स्वीकृति लिई सोलुखुम्बु जिल्लाभर कार्यक्षेत्र विस्तार गर्न सकिनेछ ।

**४. संस्थाको छाप र चिन्ह:**

(क) यस संस्थाको छाप गोलाकारको हुनेछ, माथिल्लो भागको वायाँ भागमा सरगमाथाको फोटो र त्यसभन्दा तल ..............................., ............................... सोलुखुम्बु, स्था :- २० हुनेछ ।

## परिच्छेद -२
## परिभाषा

५. **परिभाषा** :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा -

(क) **"विधान"** भन्नाले श्री ..............................., सोलुखुम्बुको विधानलाई सम्झनु पर्छ ।

(ख) **"संस्था"** भन्नाले श्री ..............................., सोलुखुम्बुलाई जनाउनेछ ।

(ग) **"समिति"** भन्नाले श्री ..............................., सोलुखुम्बुको कार्यसमितिलाई जनाउँनेछ ।

(घ) **"सभा"** भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विषेश साधारण सभा समेतलाई जनाउनेछ।

(ङ) **"सदस्य"** भन्नाले विधान बमोजिमको सदस्यलाई जनाउँछ ।

(च) **"पदाधिकारी"** भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्झनुपर्दछ ।

(छ) **"नियम", "विनियम"** भन्नाले यस विधान अन्तर्गत बन्ने नियम, विनियमलाई जनाउनेछ ।

(ज) **"स्थानीय अधिकारी"** भन्नाले संस्था दर्ता ऐन २०३४ बमोजिम अधिकारप्राप्त अधिकारीलाई जनाउनेछ ।

(झ) **“तोकिएको”** वा **“तोकिए बमोजिम”** भन्नाले यो विधान र यस विधान अर्न्तगत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

(ञ) **“स्थानीय निकाय”** भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिलाई जनाउनेछ ।

## परिच्छेद - ३
## संस्थाका उद्देश्यहरु

**६. संस्थाका उद्देश्यहरु देहाय बमोजिम रहनेछ ।**

१. यो संस्था मुनाफा रहित गैर-राजनैतिक जनहितकारी सामाजिक संस्था हुनेछ ।
२. समाजमा मित्रता र मितव्ययिता सहित सामाजिक विकासमा सक्रियरुपले लागिपर्ने ।
३. बाटोघाटो, पुल लगायतका समाजमा रहेका सार्वजनिक सरकारी चिजहरुको मर्मत तथा संरक्षण गर्ने ।
४. सामाजिक सुधारका लागि परम्परा, संस्कृतिमा समसामयिक सुधार गर्ने ।
५. फरक-फरक सोच विचार र नयाँ जोश जाँगर भएका युवा शक्तिलाई सामाजिक हित र पर्यटन क्षेत्रको विकासमा परिचालन गर्ने ।
६. गाँउवस्तीलाई सफा, हरियाली राख्नुका साथै दु:ख परेको जो कोहीलाई साथ सहयोग गर्ने ।
७. विपन्न वर्गका सदस्यहरुलाई आर्थिक स्तर उकास्न कार्यक्रम संचालन गर्ने ।
८. प्राकृतिक तथा साँस्कृतिक सम्पदाको संरक्षणका लागि जनचेतना अभिवृद्धि गर्ने ।
९. समाजमा देखिएका विकृति, विसंगति तथा अन्धविश्वास हटाउन विभिन्न चेतनामूलक कार्यक्रम संचालन गर्ने।
१०. समाजका विभिन्न वर्ग र समुदायलाई आधारभूत स्वास्थ्य, शिक्षा सम्बन्धी  जनचेतना जागृत गराउने ।
११. एक्काइसौं शताब्दीको चेतनशील र सभ्य समाजमा सूचना र शिक्षाको हक संरक्षण गर्न विभिन्न कार्यक्रमहरु गर्ने ।
१२. ग्रामीण पर्यटन प्रवर्द्धन र विकास सम्वन्धी विविध कार्यक्रमहरु संचालन गर्ने ।
१३. वातावरण संरक्षण र यसको व्यवस्थापन, स्वास्थ्य सम्बन्धी जनचेतना, पर्यटक प्रोत्साहनको लागि जनचेतना कार्यक्रम गर्ने ।

**७. उपरोक्त उद्देश्य प्राप्त गर्नका लागि संस्थाले देहायका कार्यहरु गर्नेछ :**

(क) संस्थाले प्रचलित नेपाल कानुन बमोजिम संबन्धित निकायबाट अनुमति वा ईजाजत प्राप्त गरिसकेपछि मात्र आफ्नो उद्देश्यहरु कार्यन्वयन गर्नेछ ।
(ख) संस्थालाई आवश्यक पर्ने चल-अचल सम्पति व्यक्तिसरह खरिद, बिक्री गर्न भवन  निमार्ण गर्न सवारी साधन संचारको साधन, कम्प्युटर, टेलिफोन भाडामा लिई प्रयोग गर्न सक्नेछ ।
(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनका सेवाका शर्तहरु निर्धारण गर्नेछ ।
(घ) संस्थामा प्राप्त रकम बैंकमा खाता खोली बैंक मार्फत् मात्र आर्थिक कारोवार गरिनेछ ।
(ङ) संस्थाले संवन्धित निकायको पूर्व स्वीकृति लिई स्वदेशी वा विदेशी दातृ संस्थाहरुसँग पनि सहयोग आदान प्रदान गर्नेछ ।

## परिच्छेद - ४
## सदस्यता

**८. सदस्यताको वर्गीकरण :**

(क) **संस्थापक सदस्य** : संस्था दर्ता हुदाँको बखतका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् ।
(ख) **साधारण सदस्य** : विधान बमोजिम योग्यता पुगेका नेपाली नागरिकलाई साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।
(ग) **मानार्थ सदस्य** : संस्थाले उचित ठहऱ्याएका नेपाली नागरिकहरुलाई मानार्थ सदस्यता प्रदान गरिनेछ ।
(घ) **आजीवन सदस्य** : संस्थाका उद्देश्यहरु प्राप्त गर्न विषेश योगदान दिने नेपाली नागरिकलाई संस्थाबाट तोकिएको शुल्क लिई आजीवन सदस्यता प्रदान गरिनेछ ।

**९. संस्थाको सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता :**

संस्थाको सदस्यको देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(क) १८ बर्ष उमेर पुगेको नेपाली नागरिक ।
(ख) मानसिक सन्तुलन नगुमाएको ।
(ग) सार्वजनिक सम्पति हिनामिना गरेको नठहरेको ।
(घ) नैतिक पतन देखिने गरी फौजदारी वा भ्रष्टाचारको अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
(ङ) सामाजिक सेवाको भावना भएको ।

(च) प्रचलित कानुनले अयोग्य नठहरिएको ।

**१०. सदस्यताको अयोग्यता :**

देहायको अवस्थामा सदस्यताको योग्यता पुगेको मानिने छैन :

(क) १८ वर्ष उमेर नपुगेको ।

(ख) मगज बिग्रेको वा बौलाएको ।

(ग) सार्वजनिक सम्पति हिनामिना गरेको ठहरेको ।

(घ) नैतिक पतन देखिने गरी फैजदारी र भष्ट्रचारको अभियोगमा सजाय पाएको ।

(ङ) सम्बन्धित संस्थाको व्यबसायमा निजी स्वार्थ भएको ।

(च) प्रचलित कानुनद्वारा अयोग्य ठहरिएको ।

**११. सदस्यताको समाप्ति :**

देहायको अवस्थामा सदस्यता समाप्ति हुनेछ ।

(क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

(ख) साधारण सभाको ७५ प्रतिशत सदस्यहरुको बहुमतले सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

(घ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।

(ङ) सदस्यता शुल्क बुझाउन बाँकी भएमा वा सदस्यता नवीकरण नगरेमा ।

(च) सदस्यको मृत्यु भएमा ।

(छ) संस्था विघटन भई खारेज भएमा ।

१. कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि निजलाई सो कुराको सूचना दिई सफाईको सवुत पेश गर्ने मौका दिइने छ ।

**१२. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :-**

१. ***साधारण सदस्य :-***

(क) यस विधानको दफा ८ बमोजिमको सदस्यहरुले सदस्यता शुल्क वापत रु.१००।- तिरी साधारण सदस्यता प्राप्त गर्नेछ ।

(ख) त्यस्ता साधरण सदस्यले वार्षिक नवीकरण शुल्क रु.५०।- बुझाउनु पर्नेछ ।

(ग) साधारण सदस्यता प्राप्त गर्ने सदस्यको प्रत्येक वर्षको आषाढ महिनाको मसान्तभित्र सदस्यता नवीकरण गराइसक्नु पर्नेछ र त्यस पछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नवीकरण गर्न सक्नेछ ।

२. ***संस्थापक सदस्य :-***

संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिमको प्रक्रिया पूरा गरी अन्य सदस्यता प्राप्त गर्न सक्ने छन् ।

३. ***मानार्थ सदस्य :-***

साधारण सभाको निर्णयले उपयुक्त ठानेको नेपाली नागरिकलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

४. ***आजीवन सदस्य :-*** यस संस्थाको उद्देश्य पूर्ति गर्न विशेष योगदान दिने नेपाली नागरिकलाई तोकिएको रकम रु. १०००।- लिई आजीवन सदस्यता प्रदान गरिनेछ । तर सदस्यहरुले यस विधान अर्न्तगत बनेको नियम र विनियम बमोजिम कानूनी व्यवस्थाको पालना गर्नुपर्ने छ ।

५. कुनै आवेदकलाई सदस्यता नदिने निर्णय कार्यसमितिले गरेमा सोको कारण सहितको जानकारी आवेदकलाई दिइनेछ ।

६. सवै सदस्यहरुले यस विधान र विधान अन्तरगत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

७. संस्थाले प्रदान गरेको उपदफाहरु १, २, ३  र ४ अनुसारको सदस्यहरुको अभिलेख तोकिएको ढाँचामा छुट्टै राखिनेछ ।

## परिच्छेद - ५
## साधारण सभा

**१३. साधारण सभाको गठन :**

१. यस संस्थाको विधानको दफा ८ अनुसार सदस्यता प्राप्त गर्ने सम्पूर्ण सदस्यहरु रहेको संस्थाको साधारण सभा गठन हुनेछ । साधारणसभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

२. यस संस्थाको साधारणसभा देहाय बमोजिम हुनेछ ।

**(क)** ***वार्षिक साधारण सभा :*** यस संस्थाको प्रथम साधारण सभा संस्था दर्ता भएको ६ महिना भित्र र वार्षिक साधारण सभा आ.व. समाप्त भएको मितिले दुई महिना भित्र वर्षको एक पटक बस्नेछ ।

**(ख)** ***विशेष साधारण सभा :*** संस्थाको कुल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विषेश साधारण सभाको माग गरेमा कार्यसमितिले बढीमा सात दिनभित्र विशेष साधारण सभा अनिवार्य रुपमा बोलाउनु पर्दछ । तर साधारणसभा वा विशेष सभा बसेको छ महिनाभित्र पुनः विशेष साधारणसभा बस्न सक्ने छैन ।

३. यस संस्थाको प्रथम साधारण सभा संस्था स्थापना भई दर्ता भएको ६ महिनाभित्र गरिने छ, र त्यस पछिका वार्षिक साधारणसभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र गरिने छ ।

४. यस संस्थाको वार्षिक साधारणसभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारणसभा गर्नको लागि कम्तिमा ७ दिन अगावै सभा हुने स्थान र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई अनिवार्य रुपले सूचना दिनुपर्ने छ ।

५. उपदफा ४ बमोजिम वोलाइएको साधारणसभा वा विशेष साधारणसभामा विधानको दफा १८ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारणसभा वोलाइने छ ।

६. साधारणसभा र विशेष साधारण सभाको छुट्टै निर्णय पुस्तिका राखिने छ ।

**१४. साधारण सभाको काम, कर्तव्य र अधिकार :**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

(क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने ।

(ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने र लेखापरीक्षण प्रतिवेदनबाट देखिएका अनियमितता बेरुजु रकमहरु माथि छलफल गरी गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फर्छ्यौट गर्नका लागि कार्य समितिलाई निर्देशन गर्ने ।

(ग) आगामि बर्षको लागि लेखापरीक्षकको नियुक्ति गर्ने ।

(घ) संस्थाको वार्षिक प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

(.ङ) संस्थाको कार्यसमितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अर्न्तगत रही निर्वाचन गराउने ।

(च) निर्वाचन वाहेक पक्ष विपक्षमा मत दिँदा साधारणतया हात उठाई गर्न सकिनेछ तर आवश्यक परेमा गोप्य मतदान पनि गर्न सकिनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्याक्तिले निर्णायक मत दिनेछ ।

(छ) कार्यसमितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृतिको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।

(ज) कार्य समितिबाट संस्थाको हित अनुकुल भएका काम कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

(झ) संस्थाको उद्देश्य कार्यान्वयन गर्ने सम्बन्धमा उपयुक्त र आवश्यक कार्य गर्ने, गराउने ।

(ञ) कार्यसमितिलाई उपयुक्त सुझाव र नीति निर्देशन दिने ।

## परिच्छेद - ६
## कार्यसमिति

**१५. कार्यसमितिको गठन** :

**(१) देहाय बमोजिमको पदाधिकारी रहने गरी ७ सदस्यीय एक कार्य समिति गठन गरिनेछ ।**

(क) साधारण सभाको बहुमतले निर्वाचित अध्यक्ष १
(ख) साधारण सभाको बहुमतले निर्वाचित उपाध्यक्ष १
(ग) साधारण सभाको बहुमतले निर्वाचित सचिव १
(घ) साधारण सभाको बहुमतले निर्वाचित कोषाध्यक्ष १
(ङ) साधारण सभाको बहुमतले निर्वाचित सह-सचिव १
(च) साधारण सभाको बहुमतले निर्वाचित सदस्य २

मानार्थ सदस्य बाहेक साधारण सभाका सदस्यहरु कार्यसमितिमा मतदाता हुनेछन् र निजहरु उमेद्वार हुन सक्नेछन् ।

**(२) कार्यसमितिको कार्यकाल :** कार्यसमितिको कार्यकाल ३ (तीन) वर्षको हुनेछ ।

**(३) सल्लाहाकार समितिको गठन सम्बन्धी व्यवस्था :** रचनात्मक कार्यमा सहयोग पुऱ्याउने समाजसेवी, बुद्धीजीवी, शिक्षाप्रेमी तथा खेलकुदप्रेमी मध्येबाट कार्यसमितिले बढिमा ६ जना सम्मको सल्लाहाकार समिति गठन गर्न सक्नेछ तर सल्लाहाकार समितिको मताधिकार हुने छैन ।

**(४) पद पूर्ति सम्बन्धी व्यवस्था :** वार्षिक साधारण सभा हुनु भन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्यसमिति सदस्यको मनोनयन कार्यसमितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा मनोनित भएको सदस्यको कार्यकाल पद रिक्त भएको सदस्यको बाँकी कार्यकालको लागि हुनेछ तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रक्रियाद्वारा पदपूर्ति गरिनेछ ।

**(५) कार्यसमितिको बैठक :** आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सचिवले बैठक बोलाउने छ । तर कार्यसमितिको पदाधिकारीहरुको जम्मा सदस्य संख्याको ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभई कार्य समितिको बैठक बस्ने छैन ।

**(६) बैठकको अध्यक्षता :** कार्यसमितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले छानेका वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

**(७) निर्णय प्रक्रिया :**

(क) कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(ख) कार्यसमितिको बैठकमा छलफल भएको विषयहरुको निर्णय छुट्टै किताबमा लेखी राखिनेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले हस्ताक्षर गर्नुपर्नेछ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली हस्ताक्षर गर्नुपर्नेछ ।

**१६. कार्यसमितिको काम, कर्तव्य र अधिकार :**

कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) साधारण सभाको नीति निर्देशन पालना गर्ने ।
(ख) विभिन्न संघसस्था र कार्यालयहरुसँग समन्वय गर्ने
(ग) वार्षिक कार्यक्रमहरु लक्ष्य अनुरुप संचालन गर्ने ।
(घ) संस्थाको हित वृद्धि गर्ने रचनात्मक कार्य गर्ने ।
(ङ) लेखापरीक्षण गराउने ।
(च) बाधा अड्काउ फुकाउन विधान विपरित नहुने गरी विनियम बनाई साधारण सभामा पेश गर्ने ।
(छ) प्रत्येक वर्ष बजेट बनाई साधारण सभाबाट पारित गराउने ।
(ज) प्रत्येक वर्षको अन्त्यमा आय-व्ययको हिसाव र प्रगति प्रतिवेदनको जानकारी सम्बन्धित निकायलाई दिने ।
(झ) संस्थाको हित हुने कार्यक्रमहरु संचालन गर्ने ।
(ञ) संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग र अन्य आवश्यक कार्यहरु गर्ने ।

# परिच्छेद -७
# पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

## १७. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

### *१. अध्यक्षको काम, कर्तव्य र अधिकार :*
(क) कार्यसमिति र साधारण सभाको बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।
(ख) कार्यसमिति र साधारण सभाको बैठकको अध्यक्षता गर्ने ।
(ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।
(घ) संस्थाको आर्थिक हिनामिना हुन नदिने ।
(ङ) नेपाल सरकार, स्थानीय निकाय र गैर सरकारी संघसंस्थाहरुसँग समन्वय गर्ने ।
(छ) संस्थाको हित हुने अन्य रचनात्मक कार्यहरु गर्ने ।
(ज) निर्णायक मत दिने ।
(झ) अन्य पदाधिकारी एवं सदस्यहरुको कामको बाडफाँड गर्ने ।

### *२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :*
(क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।
(ख) कार्यसमिति र साधारण सभाले तोकेको काम, कर्तव्य र अधिकारको पालना र प्रयोग गर्ने ।
(ग) संस्थाको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।
(घ) अध्यक्षलाई सहयोग गर्ने ।

### *३. सचिवको काम, कर्तव्य र अधिकार :*
(क) अध्यक्षको निर्देशन अनुसार कार्यसमिति र साधारण सभाको बैठक बोलाउने ।
(ख) बैठकको नियमित कार्यसूचि तयार गर्ने र निर्णय पुस्तिका राख्ने ।
(ग) वार्षिक प्रतिवेदन बनाई कार्यसमितिमा पेश गर्ने ।
(घ) अध्यक्ष, साधारण सभा र कार्यसमितिद्वारा तोकिए अनुरुपको कार्य गर्ने ।
(ङ) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।

### *४. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :*
(क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।
(ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।
(ग) लेखा दुरुस्त राख्ने ।
(घ) नियमित रुपमा वार्षिक लेखापरीक्षण गराउने ।
(ङ) बैक खाता संचालन गर्ने ।
(च) कार्यालयको चल-अचल सम्पत्ति र कागजातको दायित्व वहन गर्ने ।
(छ) संस्थाको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

### *५. सह-सचिवको काम, कर्तव्य र अधिकार :*
(क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने कार्यहरु गर्ने ।
(ख) सचिवलाई सहयोग गर्ने ।
(ग) सचिवले प्रत्यायोजन गरेको काम, कर्तव्य र अधिकारको साथै कार्य समितिबाट सह-सचिवले गर्ने भनी तोकिदिएको कार्यहरु गर्ने ।

### *६. सदस्यहरुको काम, कर्तव्य र अधिकार :*
(क) समितिको बैठकमा सक्रीय सहभागिता जनाउने ।
(ख) संस्थाको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने ।
(ग) संस्थाको हित हुने नीति, नियम र विनियम बनाउन सहयोग गर्ने ।
(घ) संस्थाप्रतिको पूर्ण उत्तरदायित्व निर्वाह गर्ने ।

## परिच्छेद - ८
## गणपुरक संख्या

**१८. गणपुरक संख्या :-**

(क) कुल सदस्य संख्याको ६० प्रतिशत सदस्यहरुको उपस्थिति नभई साधारण सभाको काम कार्वाही हुने छैन।

(ख) तर विधानको दफा १३ को उपदफा (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारणसभामा कुल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

(ग) साधारणसभा र कार्यसमितिको बैठकमा सल्लाहकार समितिलाई पनि बोलाउन सकिने छ तर गणपुरक संख्या र मतदानमा निजहरुको मान्यता रहने छैन ।

## परिच्छेद - ९
## संस्थाको कोष

**१९. संस्थाको कोष :-**

संस्थाको नाममा एउटा छुट्टै कोष रहनेछ र उक्त कोषमा देहाय बमोजिमका रकमहरु रहनेछ :

(क) सदस्यता शुल्कबाट प्राप्त रकम ।

(ख) नवीकरण दस्तुरबाट प्राप्त रकम ।

(ग) नेपाल सरकारको सम्बन्धित निकायबाट पूर्वस्वीकृति लिई विदेशी संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट सहयोग वापत प्राप्त रकम ।

(घ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

(ङ) साधारण सभा र कार्यसमितिले तोकेबमोजिम अन्य स्रोतबाट प्राप्त रकम ।

(च) संस्थाको हितका लागि कुनै व्यक्ति तथा संस्थाबाट प्राप्त अनुदान, सहायतता वापत प्राप्त रकम ।

**२०. खाता संचालन :**

खाता संचालनको हकमा अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ र संस्थाको आर्थिक कारोबार बैंक मार्फत् मात्र संचालन गरिनेछ ।

**२१. कोषको रकम खर्च गर्ने तरिका :**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमका तरिका अपनाई खर्च गरिने छ :

(क) संस्थाको वार्षिक वजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

(ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

(ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नुपर्ने छ ।

(घ) कोषबाट खर्च गर्दा तोकीय बमोजिम खर्च गर्नुपर्ने छ ।

**२२. लेखापरीक्षण :**

(क) प्रत्येक आर्थिक वर्ष अन्त्य भएको दुई महिनाभित्र संस्थाको आय-व्यय प्रचलित ऐन नियम बमोजिम मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराइसक्नु पर्नेछ र सोको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

(ख) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेको जुनसुकै अवस्थामा पनि संस्थाको हिसाव किताब जाँच बुझ गर्न वा गराउन सक्नेछ ।

(ग) लेखापरीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट गरिनेछ तर वार्षिक साधारण सभा नभएसम्मका लागि लेखापरीक्षकको नियुक्ति कार्यसमितिको निणर्यबाट गरिनेछ ।

(घ) संस्थाको आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट तवरले राखिनेछ ।

# परिच्छेद - १०
# अविश्वासको प्रस्ताव

**२३. अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था :**

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन-कुन पदाधिकारीको विरुद्धमा हो, स्पष्ट खुलाई देहाय बमोजिमको रीत पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

(क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्नेछ ।

(ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्नेछ ।

(ग) साधारण सभाका सदस्यहरु मध्येबाट कम्तिमा १ चौथाई सदस्यहरुको स्पष्ट नाम, थर र ठेगाना खुलाई अविश्वासको प्रस्तावमा हस्ताक्षर गरेको हुनुपर्नेछ ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विषेश साधारण सभा बस्ने स्थान, मिति र समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा १३ बमोजिम साधारण सभा र विषेश साधारण सभा बस्ने सूचना दिइनेछ ।

३. अविश्वासको प्रस्ताव माथिको छलफल प्रक्रिया :

(क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये एक जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

(ख) उपदफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यहरुले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने सदस्यलाई अध्यक्षले अभिमत प्रकट गर्ने अनुमति दिन सक्नेछ ।

(ग) उपदफा १ बमोजिमको अविश्वासको प्रस्ताव जुन पदाधिकारी विरुद्ध प्रस्तुत गरिएको हो अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाइहरु राख्न अनुमति दिनेछ ।

४. अविश्वासको प्रस्ताव माथि निर्णय :

(क) अविश्वासको प्रस्ताव उपर छलफल गर्न बसेको साधारण सभाले अविश्वासको प्रस्तावको पक्ष-विपक्षको राय र सम्वन्धित पदाधिकारी वा सदस्यको प्रतिवाद कथनलाई विचार गरी साधारण सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई सदस्यले प्रस्तावको पक्षमा मत दिएमा अविश्वासको प्रस्ताव पारित भएको मानिनेछ ।

(ख) निर्वाचित भएको १ वर्ष नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

(ग) अविश्वासको प्रस्ताव निर्वाचन भएको एक वर्षभित्र र एउटा अविश्वासको प्रस्ताव अस्वीकृत भएको मितिले ६ महिना भित्र अर्को अविश्वासको प्रस्ताव पेश गर्न पाइने छैन ।

५. अविश्वासको प्रस्ताव उपर छलफल गर्न बोलाइएको साधारण सभाको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछ तर अध्यक्ष उपर अविश्वास प्रस्ताव भए उपाध्यक्षले र कार्यसमिति उपर अविश्वासको प्रस्ताव भए साधारण सभाका जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

६. कार्यसमिति उपर परेको अविश्वासको प्रस्ताव साधारण सभाबाट पारित भएमा सोही साधारण सभाबाट ३ महिनाभित्र निर्वाचन गराउने गरी सभाका सदस्यहरु मध्येबाट एक तदर्थ समिति गठन गरिनेछ । उक्त तदर्थ समितिले संस्थाको दैनिक, प्रशासनिक कायरुहरु गरी तोकिएको समयभित्र निर्वाचन गराउनु पर्नेछ ।

## परिच्छेद - ११
## निवार्चन सम्बन्धी व्यवस्था

**२४. निर्वाचन सम्बन्धी व्यवस्था**

१. निर्वाचन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) साधारण सभाले तोकेको निर्वाचन अधिकृतले कार्य समितिको निर्वाचन गराउने छ ।

(ख) निर्वाचनमा चाहिने आवश्यक सहयोग कार्य समितिले उपलब्ध गराउने छ ।

(ग) निर्वाचनको ढाँचा र प्रक्रिया निर्वाचन अधिकृतले तोकेबमोजिम हुनेछ ।

(घ) निर्वाचन समितिको सदस्य उम्मेद्वार हुन पाउने छैन ।

(ङ) निर्वाचन सम्बन्धी कुनै विवाद भएमा निर्वाचन अधिकृतको निणर्य नै अन्तिम निणर्य हुनेछ ।

**२५. उम्मेद्वारको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।**

(क) १८ वर्ष उमेर पूरा भएको ।

(ख) सदस्यता लिएको दुई वर्ष पूरा भएको (प्रथम निर्वाचन बाहेक) ।

(ग) प्रचलित ऐन नियमले अयोग्य नठहरिएको ।

(घ) विधान बमोजिम योग्यता भएको ।

## परिच्छद - १२
## विविध व्यवस्था

**२६. विधान संशोधन** : यस संस्थाको विधानको कुनै पनि दफा संशोधन गर्न आवश्यक छ भनी कार्य समिति मार्फत् संशोधन प्रस्ताव आएमा साधारण सभाको बैठकमा छलफलको लागि पेश भई उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएको मस्यौदा विधान स्थानीय अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**२७. संस्थाको विघटन** : संस्थाको नाममा रहेको चल अचल सम्पतिको विवरण नगदी , जिन्सी किताव खडा गरी रेकर्ड राखिनेछ । कुनै कारणवश संस्था विघटन भएमा संस्थाले बुझाउनु पर्ने बाँकी वक्यौता बुझाई बाँकी रहेको सम्पूर्ण चल-अचल सम्पत्ति स्वतः नेपाल सरकारको हुनेछ ।

**२८. विनियम बनाउन सक्ने** : संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यकता अनुसार विधानको परिधिभित्र रही विनियम बनाउन सक्नेछ । सोको जानकारी स्थानीय अधिकारीलाई दिनु पर्नेछ ।

**२९. ऐन अनुसार हुने** : यस विधानमा उल्लेख नभएका कुराहरु कानुन बमोजिम हुनेछ र संस्था दर्ता ऐनको नियम र प्रचलित कानुनसँग बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

**३०. कर्मचारीको व्यवस्था** : संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारीको व्यवस्था गर्न सकिने छ र तिनको सेवा सुविधा र पारिश्रमिक कार्यसमितिले तोकिएबमोजिम रहनेछ ।

**३१. तदर्थ समिति** : यो संस्था स्थापना गरी दर्ता गराउनका लागि गठित तदर्थ समितिले ६ महिनाभित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउनेछ र सोको जानकारी स्थानीय अधिकारीलाई दिइनेछ । प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्य समितिले गरेको सम्पूर्ण काम कारवाहीहरु यसै विधान सरह भएको मानिनेछ ।

**३२. व्याख्याको अधिकार** : यो विधान र विधान अर्न्तगत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**३३. निर्देशनको पालना :** नेपाल सरकार वा स्थानीय अधिकारी वा अधिकार प्राप्त निकायले दिएका निर्देशनहरुको पालना गरिनेछ ।

**३४. विशेष व्यवस्था र बचाउ :**

क) यस विधानमा जुनसुकै कुरा लेखिएको भए तापनि तदर्थ समितिबाट विधान बमोजिमको निर्वाचन नभएसम्म गरेका कामहरु यसै विधान बमोजिम गरेको मानिनेछ ।

ख) यस विधानमा नपरेकै कारणबाट कुनै कार्य गर्नमा वाधा परेमा कार्य समितिले विनियम बनाई कार्यान्वयन गर्न सक्नेछ ।

**३५.** यसमा हामी निम्न तदर्थ समितिका पदाधिकारीहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहिछाप गर्दछौं **:**

**तदर्थ समितिको नामावली**

| क्र. सं. | पद | नाम, थर | ठेगाना | बाबुको नाम | बाजेको नाम | उमेर | ना.प्र.प.नं. | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |

**साक्षीहरुको नाम :**

१. (नाम) (ठेगाना) (सही)

२.

३.

मिति :-

श्री प्रमुख जिल्ला अधिकारीज्यू, .
जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु ।

**विषय :- संस्था दर्ता गरी पाउँ ।**

महोदय,

हामीले श्री ..............................., सोलुखुम्बु खोल्न चाहेकोले संस्था दर्ता ऐन २०३४ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं । प्रस्तावित संस्थाको विधान समेत तीन प्रति यसैसाथ संलग्न गरिएको छ ।

**तदर्थ समितिको नामावली**

| क्र. सं. | पद | नाम, थर | ठेगाना | बाबुको नाम | बाजेको नाम | उमेर | ना.प्र.प.नं. | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |

(सही)
.....(नाम, थर)......
अध्यक्ष
............ सोलुखुम्बु
सम्पर्क नं.: ...........................